# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड ५ संख्या ७ मिति २०७८।११।३०**

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०७८ सालको कार्यविधि संख्या ७

# विहादी गाउँपालिकाको मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

विहादी गाउँपालिकामा अन्तर्गत रहेका माछा पालक कृषकहरुको लागि माछा पालनमा भौतिक संरचना निर्माण तथा अनुदान वितरणको लागि थप कानुनी व्यवस्था गर्नुपर्ने भएकाले विहादी गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ अनुसार सर्वसाधारणको जानकारीको लागि यो कार्यविधि प्रकाशन गरिएको छ ।

# विहादी गाउँपालिकाको मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

पारित मिति : २०७८।११।२७

प्रस्तावना: विहादी गाउँपालिकाको पशु क्षेत्रमा महत्वपुर्ण स्थान ओगटेको मत्स्यपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय मत्स्य उत्पादन आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि गाउँ सभाले तोके अनुसारको कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न विहादी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अन्तरगतको अधिकार प्रयोग गरी यो मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ तर्जुमा गरेको छ ।

परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भः**

क) यस कार्यविधिको नाम विहादी गाउँपालिकाको मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि विहादी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

क) "गाउँपालिका" भन्नाले विहादी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले विहादी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ ।

घ) "कृषक" भन्नाले विहादी गाउँपालिका क्षेत्रका मत्स्यपालक कृषक सम्झनु पर्दछ ।

ङ) "कार्यविधि" भन्नाले मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

च)"अनुदान" कार्यक्रम भन्नाले विहादी गाउँपालिकाबाट पशु सेवा शाखा मार्फत अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

छ) "लागत सहभागिता" भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनु पर्दछ ।

ज) "पोखरी" भन्नाले मत्स्यपालनका लागि प्रयोग हुने व्यवस्थित खाडल भन्ने सम्झनु पर्दछ ।

झ) "फार्म" भन्नाले मत्स्यपालन गरेको स्थान र संरचना भन्ने सम्झनु पर्दछ ।

ञ) "कार्यालय" भन्नाले विहादी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ट) "वडा" भन्नाले विहादी गाउँपालिकाका वडाहरु सम्झनु पर्दछ ।

परिच्छेद २

## कार्यविधिको उद्धेश्य

क) गाउँपालिकाबाट सञ्चालन हुने मत्स्य विकास कार्यक्रम प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख) मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने ।

ग) मत्स्य पालन व्यवसायलाई दिगो,मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

घ) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने ।

ङ) सेवा प्रवाहको प्रकृयालाई सरल र प्रणालीयुक्त बनाउने ।

च) मत्स्य पालनको क्षेत्र विस्तार गरि विहादी गाउँपालिकालाई पौष्टिक आहारको उपलव्धतामा वृद्धि गरि आयातलाई न्यूनिकरण र निर्यात गरी खाद्य पोषण सुरक्षामा टेवा पुर्याउने ।

छ) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

ज) मत्स्य उत्पादनमा विहादी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

परिच्छेद ३

## कार्यक्रम सञ्चालन, छनौट र खर्च

**(१) कार्यक्रम सञ्चालन प्रक्रिया**

क) कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक/ निजी व्यवसायी/ समुह/ समिति/ सहकारीलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयले ३० दिनको सूचना प्रकाशन गरिनेछ ।

ख) प्रस्तावकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन कार्यालय वा वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग) कार्ययोजना सहितको पेश भई आएका प्रस्तावहरुलाई शाखाले अनुसूची-३ बमोजिम प्रस्ताव र स्थलगत मूल्याङ्कन गरी स्वीकृतका लागि प्राथमिकता क्रममा सिफारिस गर्नेछ ।

घ) शाखाबाट सिफारिस भइ आएको अनुदानग्राहीको नाम प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत हुनेछ ।

ङ) छनौट भएका अनुदानग्राहीसँग स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

च) कार्यालयको प्राविधिकको समन्वय, सुपरीवेक्षण तथा निर्देशनमा लेआउट तथा डिजाइन अनुसार नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।

**(२) छनौट प्रक्रियाका आधारहरुः**

१. पोखरीको क्षेत्रफल २०० वर्ग मिटर हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।

२. पानीको स्थायी स्रोतका लागी खोलो/ कुलो/ नहर/ पाइपको व्यवस्था भएको हुनुपर्नेछ ।

३. वातावरणीय अनुकुलता र उपयुक्तता तथा सधियारलाई असर नपार्ने भनी प्रमाणित सहित वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।

४. नयाँ निर्माण गरिने पोखरीको स्वामित्व आफनै हुनुपर्ने वा भाडामा लिएको भए कम्तिमा ५वर्षको सम्झौता हुनुपर्नेछ ।

**(३) खर्चको मापदण्डः**

१. नयाँ पोखरी निर्माणको लागि छनौट भएका कृषकलाई कार्य सम्पन्न पश्चात एकमुष्ठ अधिकतम रु. ३०,०००। वा कुल लागतको ५०% मध्ये कम हुन आउने रकम उपलब्ध गराइनेछ । सो भन्दा बढी कृषक स्वयमले व्यहोर्नुपर्नेछ ।

२. पोखरीको क्षेत्रफलका आधारमा शत प्रतिशत अनुदानमा माछा भुरा उपलब्ध गराइनेछ ।

३. निर्माण गरिने पोखरीको जलासयको क्षेत्रफल कम्तिमा २०० वर्ग मिटर हुनुपर्नेछ ।

४. कार्य सम्पन्न पश्चात कार्य प्रगति,सम्झौता तथा आवश्यक बिल भरपाईका आधारमा कार्यालयले बैङ्क खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

**(४) माछा भुरा वितरण कार्यक्रम :**

क) गाउँपालिकाले नयाँ पोखरी निर्माण गरेका कृषकलाई उत्पादन र लागत रकममा सहजीकरण गर्न माछाका भुरा शाखा मार्फत निशुल्क वितरण गर्नेछ ।

ख) कार्यक्रम सञ्चालनका लागि वितरण कार्यलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि गा.पा.ले उपयुक्त जातको भुरा उपलब्ध गराउने छ ।

ग) कृषकले जलासय रहेको क्षेत्रफलका आधारमा सूचनामा माग गरेका कागजात तथा विवरण संलग्न राखी तोकिएको कार्यालय/ वडामा माग निवेदन पेश गरे पश्चात शाखाले सो को मूल्याङ्कन गरि भुरा खरिद पश्चात वितरण गर्नेछ ।

परिच्छेद ४

## अनुगमन र मूल्याङ्कन

**(१) मूल्याङ्कन सम्वन्धी व्यवस्थाः**

क) शाखाले अनुसूची ३ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत पश्चात वितरण गरिनेछ ।

ग) माछा भूरा वितरणका लागि कृषकको माग बमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ ।

परिच्छेद ५

## विविध

क) मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा बाधा फुकाउन आवश्यक भएमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ बाझिएको हदमा प्रदेश र संघीय कानुन बमोजिम हुनेछ ।

अनुसूची १

प्रस्ताव आवहानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः...........

विहादी गाउँपालिका पशु सेवा शाखाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार मत्स्य विकास कार्यक्रममा अनुदान उपलब्ध गराउने हुनाले यस गाउँपालिका भित्र दर्ता भएका कृषक समूह/ कृषि फार्म/ कृषि सहकारी र व्यवसायिक कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एक महिना (३० दिन ननाघ्ने गरी) मिति ............................ भित्र विहादी गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु (गाउँपालिका वा सम्बन्धित वडा कार्यालय) मा आवश्यक कागजात पुऱ्याई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरुः**

- तोकिएको ढाँचा अनुसारको निवेदन।
- कृषक वर्गिकरण परिचयपत्र/ नागरिकताको प्रतिलिपी
- संक्षिप्त व्यवसायिक कार्ययोजना
- सम्बन्धित वडा वा गाउँपालिकाबाट राजश्व तिरेको रसिद

अनुसूची २

निवेदनको ढाँचा

श्रीमान् कार्यालय प्रमुख ज्यू,

विहादी गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत ।

**बिषयः कार्यक्रम उपलब्ध गराईदिने सम्बन्धमा ।**

उपयुक्त विषयमा तहा कार्यालयको मिति................... मा प्रकाशित सूचना अनसार म /हामी निवेदकले पशु शाखा अन्तर्गको मत्स्य विकास कार्यक्रममा लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकाले नियमानुसार कार्यक्रममा सहभागि गराईदिनुहुनका लागि सूचनामा माग गरे बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु ।

निवेदकको

नामः

ठेगानाः

फर्मको नामः

दस्तखतः

मितिः

सम्पर्क नं.:

अनुसूची ३

माछा पोखरी निर्माणका लागि मूल्याङ्कन फारम

१. प्रस्तावकको नामः

२. प्रस्तावकको ठेगानाः

३. कार्यक्रमको नामः

४. मुल्यांकनका आधारहरुः

| | | |
|---|---|---|
| क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति | छ | छैन |
| ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना | छ | छैन |
| ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र | छ | छैन |
| घ) स्थानिय तह / आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| च) लागत साझेदारी गर्ने प्रतिवद्धता | छ | छैन |
| छ) वडा कार्यालयको सिफारिस | छ | छैन |
| ज) आवश्यक अन्य कागजात | छ | छैन |

| **क.सं.** | **विवरण** | **भार** | **प्रासाङ्ग** | **कैफियत** |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २५ | | |
| २ | व्यवसाय व्यवस्थापनको अवस्था र संवाहक | १५ | | |
| ३ | प्राविधिक रुपमा उपयुक्त र स्थान अवस्थिति | १५ | | |
| ४ | वातावरणीय / सामाजिक प्रभाव | १५ | | |
| ५ | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना | १० | | |
| ६ | सम्बन्धित विषयमा अध्ययन र तालिम | १० | | |
| ७ | जग्गाको स्वामित्व (निजी १०/ भाडामा ८) | १० | | |

# अनुसूची ४
## सम्झौताको ढाँचा

विहादी गाउँपालिका गाउँ कार्य पालिकाको कार्यालय पर्वतमा आ.व........ मा सञ्चालन हुने मत्स्य विकास कार्यक्रमको लागि विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत (यस पछि प्रथम पक्ष भनिने) र अनुदानका लागि छनौट भएका कृषक....................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तहरुः

१. प्रथम पक्षको लागत साझेदारमा ................. कार्यक्रमको लागि ३०,०००।— अक्षरुपी तिस हजार रुपैंया मात्र वा बिल रकमको ५० प्रतिशतले हुन आउने रकम मध्ये कम हुन आउने रकम दोस्रो पक्षलाई प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी जिल्ला पर्वत विहादी गाउँपालिका वडा नं.........मा मिति ......... ................. भित्र सम्पन्न गरि सो को बिल भरपाई पेश गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र इष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तरको कायम राखि सम्पन्न गर्नेछ ।

४.कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्वन्धी प्राविधिक कार्यहरुमा गाउँपालिकाले सहजीकरण गर्नेछ र जग्गाको व्यवस्था,निर्माण तथा अन्य व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भरपाई र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात नियमानुसार दोस्रो पक्षको बैङक खाता मार्फत एकमुष्ठ भुक्तानी दिईनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. द्धिपक्षीय सम्झौता मुताविक काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ । त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाकी सरह असुल उपर कार्य प्रकृया अगाडी बढाइनेछ ।

१०. नियमानुसारको कर दोस्रो पक्षबाट कट्टी गरि भुक्तानी गरिनेछ ।

११. रकम भुक्तानीका क्रममा दोस्रो पक्षले निर्माण गर्ने पोखरी मापदण्ड बमोजिम कम्तिमा २०० वर्ग मिटर क्षेत्रफल नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रकम भुक्तानी गर्नेछैन ।

१२. दोस्रो पक्षले निर्माण गर्ने पोखरी प्रथम पक्षले निर्धारण गरेको क्षेत्रफल भन्दा बढी भएमा बढी रकम भुक्तानी गर्नेछैन ।

१३. यस सम्झौतामा कुनै विवाद भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ ।

१४. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यलयको छापः | छापः |

इति सम्वत्................साल...........महिना......गते रोज.......शुभम् ।